# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (३) चितवन, भाद्र १७, २०७६ साल अंक ४

### भाग ३

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ को कार्यविधि नं. ४

खैरहनी नगरपालिका

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

# युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६

नगरकार्यपालिकाबाट स्वीकृत मिति २०७६/०५/१३

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसुची -८, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरण २०७३ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम आधारभूत र माध्यमिक शिक्षासम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र खैरहनी नगरपालिकाभित्रका सामुदायिक विद्यालयका महिला शिक्षकहरुको लागि तोकिएको प्रसूति विदा एबम् शिक्षकहरुले पाउने लामो अबधिको तलबी विदा र न्यून दरबन्दीका कारणले शिक्षक अभाव भएको अवस्थामा शैक्षिक गुणस्तरमा ह्रास आउन नदिन तथा युवाहरुमा स्वयंसेवी भावनाको विकास तथा सामाजिक जिम्मेवारी बोध गराउने उद्देश्यले खैरहनी नगरपालिको नगर सभाले आ व २०७६।७७ बाट स्वयंसेवक शिक्षकको अवधारणा ल्याई बजेट समेत विनियोजन गरेको हुँदा स्वयंसेवक शिक्षक छनौट पद्धतिलाई व्यवस्थित बनाउन शिक्षा नियमावली, २०७५ को नियम २०(१)(ज) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६" रहेको छ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

(१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "सामुदायिक विद्यालय" भन्नाले खैरहनी नगरपालिका भित्रका आधारभूत तथा माध्यमिक तह सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) “शिक्षक” भन्नाले विद्यालयमा नियुक्त नेपाल सरकारको अनुदानबाट तलबभत्ता खाई नियुक्त भएको बालबिकास तहदेखि माध्यमिक तहमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ।

(ङ) “नगर शिक्षा समिति” भन्नाले खैरहनी नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

(च) “स्वयंसेवक शिक्षक” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम छनौट भई सामुदायिक विद्यालयमा खटिने युवा स्वयंसेवक शिक्षकलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

### ३. युवा स्वयंसेवक शिक्षक छनौट तथा नियुक्ति प्रक्रियाः

(१) स्वयंसेवक शिक्षक छनौट प्रक्रिया देहायबमोजिम हुनेछः

(क) खैरहनी नगरपालिका शिक्षा शाखाले युवा स्वयंसेवक शिक्षकको सूची तयार पार्नका लागि सात दिनको म्याद राखी दरखास्त आव्हान गर्नेछ।

(ख) आधारभूत तहको स्वयंसेवक शिक्षकमा सूचीकृत हुन नियमित विद्यार्थीका रुपमा कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीको हकमा अङ्ग्रेजी, गणित र विज्ञान मूल विषय लिई कक्षा ११ मा न्यनतम् C+ वा 2 GPA ल्याएको हुनुपर्नेछ।अन्य व्यक्तिको हकमा न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सोसरह उत्तीर्ण भई स्नातक तहमा अध्ययनका लागि योग्य भएको हुनु पर्नेछ। सोभन्दा माथिल्लो शैक्षिक योग्यता भएका व्यक्ति पनि योग्य हुनेछन्।

(ग) माध्यमिक तहका लागि स्वयंसेवक शिक्षकमा सूचीकृत हुन न्यूनतम् योग्यता स्नातक तहको अन्तिम वर्ष/सेमेस्टरको नियमित परीक्षा दिई बसेका विद्यार्थीको हकमा सोभन्दा अघिल्ला वर्ष/सेमेस्टरका सबै परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ।अन्य व्यक्तिको हकमा स्नातक तह उत्तीर्ण भएको हुन पर्नेछ।सोभन्दा माथिल्लो शैक्षिक योग्यता भएका व्यक्ति पनि योग्य हुनेछन्।

(घ) आबेदन दिने व्यक्ति १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।र खैरहनी नगरपालिका भित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ।

(ङ) कुनै कानुनले अयोग्य नठहरिएको ।

(च) योग्यता पुगेका आवेदकले नगरपालिकाले सूचना गरेको समयभित्र अनुसुची १ बमोजिमको फारम भरी नगरपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

(छ) हरेक वर्ष नगरपालिकाले स्वयंसेवक शिक्षकमा सूचीकृत हुन चाहनेहरुका लागि दरखास्त आह्वान गर्नेछ। शिक्षा शाखाले योग्यता पुगेका निवेदकहरुको योग्यताक्रमका आधारमा सूची तयार पारी प्रकाशन गर्नेछ। सूची तयार पार्दा आधारभूत तहको छुट्टै र माध्यमिक तहको विषयगत सूची तयार पार्नुपर्नेछ।

(२) दफा ३(१) बमोजिम सूचीकृत भएका उम्मेदवारलाई कुनै सामुदायिक विद्यालयको नेपाल सरकारबाट तलब भत्ता खाने शिक्षक तीन महिनाभन्दा बढीको तलबी विदामा बसेको अवस्थामा विद्यालयको औचित्यसहितको मागअनुसार योग्यताक्रमका आधारमा स्थानीय शिक्षा अधिकारीबाट अधिकतम तीन महिनाको लागि स्वयंसेवक शिक्षकमा करार सम्झौता गरी विद्यालयमा खटाइनेछ।

(३) स्वयंसेवक शिक्षकलाई विद्यालयमा खटाउनुपूर्व एक दिनको अभिमुखीकरण तालिम प्रदान गरिनेछ। स्वयंसेवक शिक्षक नगरपालिकाले खटाएको ३ दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनु पर्नेछ। त्यसरी खटिई आएको स्वयंसेवकलाई प्रधानाध्यपकले नियमित कामकाज गर्न लगाई सोको जानकारी नगरपालिका शिक्षा शाखालाई दिनुपर्नेछ।

(४) सूचीकृत भएका व्यक्तिहरु सबैले एक पटक अवसर नपाएसम्म दोहोऱ्याएर नियुक्ति दिइने छैन। तर कुनै विषयमा सूचीकृत भएका अन्य व्यक्ति नभएमा दोहोऱ्याएर नियुक्ति गर्न बाधा परेको मानिने छैन।

## परिच्छेदः ३

**४. स्वयंसेवक शिक्षकका काम, कर्तव्य, आचरण र सेवाका सर्तहरू -:**

(१) स्वयंसेवक शिक्षकको काम, कर्तव्य देहायबमोजिम हुनेछ -

(क) स्वयंसेवक शिक्षक सामान्यतया प्रशासनिक रुपमा विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिसंग उत्तरदायी हुनुपर्नेछ ।

(ख) विद्यालयले तोकेको कक्षा र विषय अध्यापन गर्नु पराउनु पर्नेछ।

(ग) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नुपर्नेछ।

(घ) सबै विद्यार्थीलाई सम्मानजनक र भेदभावरहित व्यवहार गर्नुपर्नेछ।

(ङ) राजनीतिक आस्था प्रकट गर्न र सोका आधारमा विद्यार्थी र शिक्षकसँग व्यवहार गर्न पाइने छैन।

(च) राष्ट्रियता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा प्रतिकुल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न पाइने छैन।

(२) स्वयंसेवक शिक्षकको सेवा शर्त र सुविधा देहायबमोजिम हुनेछ

(क) स्वयंसेवक शिक्षकले विद्यालयमा गरेको कामकाजको आधारमा प्रधानाध्यापकले हाजिरी प्रमाणित गरी नगरपालिकामा पेश गरेपछि यातायात, खाजा र सञ्चार खर्च बापत आधारभूत तहका लागि मासिक रु १०,०००। (दश हजार) र माध्यमिक तहका लागि मासिक रु १५,०००। (पन्ध्र हजार) नगरपालिकाबाट निर्वाह खर्च स्वरुप उपलब्ध गराइनेछ। यसरी नियुक्ति भएका स्वयंसेवक शिक्षकले सार्वजनिक विदाका अतिरिक्त प्रति महिना १ दिन थप विदा लिन पाउनेछ। तर स्वयंसेवाका लागि खटाइएको तीन महिनाको अवधिमा वार्षिक विदा वा सात दिनभन्दा बढीको लामो विदा पर्न आएमा सोअवधि कट्टा गरी तीन महिना सेवा पूरा गर्नुपर्नेछ।

## परिच्छेदः ४

**५ विविधः**

(क) विशेष परिस्थितिमा स्वयंसेवक शिक्षकको म्याद नगर शिक्षा समितिको परामर्शमा स्थानीय शिक्षा अधिकारीले थप गर्न सक्नेछ।

(ख) स्वयंसेवक शिक्षकले यस कार्यविधिमा तोकिएका काम, कर्तव्य र आचरण पालना नगरेमा प्रधानाध्यापकको सिफारिसमा स्थानीय शिक्षा अधिकारीले नियुक्ति तथा करार संझौता रद्ध गर्न सक्नेछन् ।

(ग) स्वयंसेवक शिक्षकको काम, कर्तव्य र आचरण तथा छनोट विधिमा प्रस्तावनाको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले आवश्यकतानुसार कार्यविधिमा थपघट वा संशोधन गर्न सक्नेछ ।

# अनुसूची–१
## आवेदन फारम

## स्वयंसेवक शिक्षक कार्यक्रममा सहभागी हुन दिने निवेदनको ढाँचा

श्री स्थानीय शिक्षा अधिकारीज्यू
खैरहनी नगरपालिका कार्यालय, चितवन ।

विषयः स्वयंसेवक शिक्षक कार्यक्रममा सहभागी हुन पाऊँ ।

उपर्युक्त सम्बन्धमा खैरहनी नगरपालिकाको मिति २०७६/../.. मा प्रकाशित सूचना अनुसार म स्वयंसेवक शिक्षक पदमा नियुक्तिको लागि तोकेको शर्त र प्रक्रिया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र खैरहनी नगरपालिकामा स्थायी बसोबास भएको वडा कार्यालयको शिफारिस-पत्र यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

<u>निवेदकको विवरण</u>

१) निवेदकको नामथरः
२) बाबुको नामः
३) आमाको नामः
४) ठेगानाः जिल्ला चितवन खैरहनी नगरपालिका वडा नं........... टोल....................
५) सम्पर्क फोन नम्बर :
६) शैक्षिक योग्यताको विवरणः

| क सं | शैक्षिक योग्यता | उत्तीर्ण गरेको सै.संस्थाको नाम | प्राप्ताङ्क प्रतिशत / GPA | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

निवेदकको दस्तखत
मिति .....................

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

# अनुसूचि — २

## करार सम्झौता फारम

## स्वयंसेवक शिक्षक करार सम्झौता

चितवन जिल्ला **खैरहनी नगरपालिका** अन्तर्गतको **............** विद्यालयका लागि स्वयंसेवक शिक्षक करार गरी काम गराउने सम्बन्धमा **खैरहनी नगरपालिका** चितवन । जसलाई यस पछि प्रथम् पक्ष भनिने छ । चितवन जिल्ला **खैरहनी** नगरपालिका वडा नं.... बस्ने **श्री ......को छोरा/**छोरी **......** । जसलाई यस पछि दोस्रो पक्ष भनिने छ, काबीच खैरहनी नगरपालिकामा २०७६।........ गते सम्पन्न करार सम्झौता ।

१) दोस्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यबिधि २०७६ अनुसार स्वयंसेवक शिक्षकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालाना गर्ने ।

३) दोस्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको बिषय र कक्षाहरुमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा औसत उपलब्धि प्रति पूर्णरुपमा जवाफदेही रहने ।

४) दोस्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

५) दोस्रो पक्षले विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागिता जनाउने ।

६) दोस्रो पक्षले विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र
वि.व्य.स. प्रति जवाफदेही हुने ।

७) प्रथम पक्षले खैरहनी नगरपालिका युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७६ ले तोकेको सेवा सुविधा उपलब्ध गराउने।

९) स्वयंसेवक शिक्षक व्यवस्थापन कार्य विधि २०७६ अनुसार कार्य सम्पादन नभएको वा आचारसंहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै बेला युवा स्वयंसेवक शिक्षकबाट हटाउन सक्नेछ ।

१०) यो करार सम्झौता मिति .......... गतेबाट मिति .......सम्म लागु हुनेछ ।

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| नामः.................... | नामः<br>(......................... अधिकृत)<br>खैरहनी नगरपालिका कार्यालय |

**रोहवर**

१) नामः-

दस्तखत...........................